Sagarmatha
Jalabidhyut Company Ltd.
Supermai-A- Hydro Project 9.6 MW, Illam

PAN No.: 603561852
Govt. Regd. No.: 257715/077/078
Anamnagar, Kathmandu, Nepal
Phone No.: 01-5705159
Email: sagarmathahydropower@gmail.com
URL: www.sagarmathajbc.com.np

च. नं. : ०८१- ८२ - ०१३

मिति: २०८१/०७/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
शान्ति मार्ग, भद्रकाली,
काठमाण्डौं ।

**विषय: चौथो वार्षिक साधारणसभाको सूचना एवं शेयरधनी दर्ता किताब बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०८१/०७/०८ को निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा आगामी २०८१ मंसिर १४ गते शुक्रबार (तदनुसार २९ नोभेम्बर, २०२४)का दिन बिहान ९:०० बजे देखि स्मार्ट दरबार, शंखपार्क, काठमाण्डौंमा वोलाईएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध गर्दछु ।

साथै, बार्षिक साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनका लागि मिति २०८१/०७/२६ गते सोमबारका दिन कम्पनीको शेयर दर्ता पुस्तिका बन्द (Book Closure) हुने व्यहोरा जानकारी गराउँदै साधारणसभा सम्बन्धमा आज मिति २०८१/०७/०९ गतेको दिन आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको सूचनाको विवरण यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**बोधार्थ :**

- **श्री नेपाल धितोपत्र बोर्ड,** खुमलटार, ललितपुर ।
- **सि. डि. एस एण्ड क्लियरिङ्ग लिमिटेड,** पुतलिसडक, काठमाण्डौं ।
- **विद्युत नियमन आयोग,** सानो गौचरण काठमाण्डौं ।
- **प्रभु क्यापिटल लि.,**कमलादी, काठमाण्डौं ।

भवदीय,

Sagarmatha Jalabidhyut Company Ltd. Sagarmatha ESTD.: 2072 Kathmandu, Nepal

Sandeep

संदीप अधिकारी
कम्पनी सचिव

# सगरमाथा जलविद्युत कम्पनी लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ

फोन नं., ०१-५७०५६०८

## चौथो बार्षिक साधारण सभा सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/०९ गते**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८१/०७/०८ मा बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस सगरमाथा जलविद्युत कम्पनी लिमिटेडको बार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८१/०८/१४ गते शुक्रबार (तद्नुसार २९ नोभेम्बर, २०२४)

**स्थान** : स्मार्ट दरवार, शंखपार्क काठमाण्डौं ।

**समय** : विहान ९:०० वजे ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।

(३) आ.व.२०८१/०८२ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सम्बन्धमा।

(५) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको चुक्तापूँजी रु. १,१२,००,००,०००/- (एक अर्व बाह्र करोड रुपैँया मात्र) को ५ प्रतिशतले हुने लाभांश (४.७५ प्रतिशत बोनश शेयर तथा ०.२५ प्रतिशत नगद लाभांश, कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव स्विकृत गर्ने सम्बन्धमा ।

(२) कम्पनीको वोनस शेयर वितरण पश्चात् पूँजी वृद्धि हुने हुँदा कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(३) कम्पनीको प्रबन्ध पत्र, नियमावली संसोधन गर्ने सम्बन्धमा ।

(४) प्रस्तावित संसोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेर बदल वा सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन समायोजन गर्न सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

(५) अन्य कम्पनीमा लगानी गर्ने सम्बन्धमा ।

**(ग) विविध**

**साधारण सभा सम्बन्धी अन्य थप जानकारी :**

१. बार्षिक साधारण सभामा भाग लिन तथा लाभांश प्रयोजनका लागि मिति २०८१/०७/२६ गते सोमबारका दिन कम्पनीको शेयर दर्ता पुस्तिका बन्द (Book Closure) रहने छ । मिति २०८१/०७/२५ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई प्रचलित कानुन बमोजिम यस कम्पनीका शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम भएका शेयरधनीहरुले मात्र कम्पनीले प्रदान गर्ने लाभांश प्राप्त गर्न र सभामा भाग लिन तथा छलफल गर्न पाउनेछन् ।

२. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ८:३० बजे देखि खुल्ला रहनेछ ।

३. बार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।

४. बार्षिक साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन ।

५. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**